सन्दर्भः १४ औं मुक्त हलिया दिवश

# भूमि अधिकार जागरण यात्रा

## अवधारणा पत्र

### १. संस्थाको परिचयः

राष्ट्रिय दलित नेटवर्क (RDN)नेपाल मुलुकमा दलित अधिकारका लागि चलेका विभिन्न आन्दोलनहरुमध्ये धेरै लक्ष्यहरु भएको एउटै लक्ष्य, धेरै योजनाहरु भएको एउटै योजना, धेरै नीति तथा कार्यक्रमहरु भएको एउटै नीति तथा कार्यक्रम, धेरै संगठनात्मक स्वरुपहरुको एउटै संगठन, धेरै अवधारणाहरुको एउटै अवधारणा र साझा भावनाका साथ नयाँ एकीकृत आन्दोलनका रुपमा स्थापीत नेतृत्वदायी मानवअधिकारमुखी पद्धतिमा विश्वास राख्ने दलित एक्टिभिष्टमा आधारित जनसंगठन हो । मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्यरत गैससहरु, विभिन्न महासंघहरु, लोकतन्त्र र शान्तिका लागि कार्यरत नागरिक आन्दोलनहरु, दलित आन्दोलनका सारथि दलित राजनीतिक जनसंगठनहरु, संचारकर्मीहरुका प्रतिनीधिमुलक संगठनहरुको अर्थपूर्ण सहकार्यकासाथ बृहत सामाजिक आन्दोलन उठान गर्ने र दलितहरुका राजनीतिक, आर्थिक र सामाजिक/सांस्कृतिक समस्याहरुको एकीकृत रुपमा समाधान गर्न दवाव दिने उद्देश्यले २०५७ मा यसको स्थापना भएको हो । स्थापनाका केही वर्ष लुज नेटवर्कका रुपमा कार्यरत रहँदै २०६० सालमा औपचारिक रुपमा जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता भई त्यही साल समाज कल्याण परिषदमा आवद्ध भयो ।

### २.सन्दर्भ तथा परिबेशः

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संस्थागतिकरण गर्नका लागि नेपालको संविधान अनुसार मुलुक नयाँ संरचनाका साथ सामाजिक न्याय सहितको समृद्धिको यात्रामाअघिबढेको छ । समाजमा पछाडी पारिएका बिपन्न समुदायमा आएको उच्च स्तरको चेतनाले व्यक्तिगत, सामुदायिक र सामाजिकतहमा परिवर्तन हुने अवसर आएको छ । स्थानीय र प्रादेशीक सरकार आफ्ना संवैधानिक अधिकार प्रयोग गरी सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको क्षेत्रमा सुधार ल्याउँदै जनताको मन जित्ने अभियानमा देखिन्छ । यस्तो ऐतिहासिक अवसरमा नयाँ योजना सहित अझ सशक्त नहुने हो भने संविधानमा भएका ब्यवस्थाहरु कार्यान्वयन संविधानमै सीमित हुनेछन् । त्यसकारण सरकारी भूमिमादलितहरुको पहुँच बृद्धीगर्दै उनीहरुको दिगो जिवीकोपार्जनमा सुधार ल्याउनु आजको आवश्यकताहो । नेपालको संविधानमा व्यवस्था भएको सम्पतिको हक, खाद्य सरुक्षा र सम्प्रभुताको हक, महिलाको हक र भमिूहिन दलितको हक कार्यान्वयन गर्न तथा सन २०३० सम्ममा हासिल गरी सक्नुपर्ने दिगो विकासका लक्ष्य प्राप्त गर्न उपलब्ध सीमित भूमि तथा भूमि स्रोतको समुचित व्यवस्थापन गर्न आवश्यक रहेको छ नेपालको संबिधानको धारा ४० को उपधारा (५) र (६) ले सो कुराको अधिकार सुनश्चित गरेको छ ।

नेपालको संविधान जारी भएसंगै मुक्त हलियाका मागहरु संबोधन गर्ने राजनीतिक वातावरण निर्माण भएपनि मुक्त हलियाका समस्याका सवालमा राज्यसत्ता, राजनीतिक दलहरु तथा कर्मचारी संयन्त्र गम्भिर नहुंदा आज पनि यी समस्याहरु यथावत रहेका छन बरु नयाँ स्वरुपमा विकसित हुन पुगेका छन् । नेपालको संविधानमा मुक्त हलिया तथा दलित सम्बन्धी दुई दुई वटा मौलिक हकसहितका व्यवस्थाहरुलाई चुनौति दिदै हालै सर्वोच्च अदालतले आरक्षण सम्बन्धी दलित विरोधी निर्णय गरेको छ । राज्यका विभिन्न निकायमा मुक्त हलिया प्रतिनीधित्व केही मात्रामा बृद्धि भएपनि आशातित कामहरु हुन सकेको छैन ।

## ३. भूमि अधिकार जागरण यात्राका उद्देश्यहरुः

- आगामी प्रदेश र संघीय तहको निर्वाचनमा बिभीन्न राजनितिक दलहरुको घोषणापत्रहरुमा दलित भूमिहिन र मुक्त हलियाहरुको सवाल सम्बोधन गराउनका लागि आम रुपमा जागरण अभियान संचालन गर्ने
- दलित भूमिहिन र मुक्त हलियाहरुको संबैधानिक अधिकार (नेपालको संबिधानको धारा ४० को उपधारा ५ र ६) मा भएको प्रावधानलाई कार्यान्वयन गराउनका लागि सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लाका १८ वटा स्थानिय सरकार र ९ वटा भूमि अयोग जिल्ला समितिहरुलाई सचेतीकरण गर्ने
- सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लाका बिभीन्न राजनितक दलहरु, सरकारी कार्यालयहरु, स्थानिय सरकार, नागरिक समाज, पत्रकार र अन्य सरोकारवाला निकायसंग समन्वय कायम गर्दै भूमि अधिकार जागरण यात्रामा ऐक्यबद्धता कायम गर्ने

## ४. बिधी तथा प्रकृयाहरुः

- परियोजना ब्यवस्थापन समितिको बैठक मार्फत कार्यक्रम तय
- अभियानको कार्यतालिका तय गरि कार्य समितिबाट स्विकृत गर्ने
- अभियानको कार्यतालिकाबारे सरोकारवाला निकाय र लक्षित समुदायसंग छलफल
- दलित भूमि अधिकार यूनियनका बैठकहरु मार्फत सहभागि छनोट गर्ने

## ५. आयोजना गरिने अवधीः

- भूमि अधिकार जागरण यात्रा सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लाका १८ वटा पालिकाहरुबाट  मिति २०७९ भाद्र १० गतेबाट शुरु भई मिति २०७९ भाद्र १९ गतेका दिन धनगढीमा समापन गरिनेछ ।

## ६. स्थानः

भूमि अधिकार जागरण यात्रा सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लाका १८ वटा पालिकाहरुमा संचालन गरिनेछ जसलाई निम्नानुसार प्रस्तुत गरिएको छः

| क्र.सं. | जिल्ला | पालिकाको नाम |
|---|---|---|
| १ | दार्चुला | महकालीनगरपालिका र लेकम गाउपालिका |
| २ | बैतडी | दशरथचन्द नगरपालिका र सुर्नैया गाउँपालिका |
| ३ | डडेल्धुरा | अमरगढी नगरपालिका र नवदुर्गा गाउँपालिका |
| ४ | कंचनपुर | भीमदत्त नगरपालिका र बेदकोट नगरपालिका |
| ५ | कैलाली | धनगढी उपमहानगरपालिका र गौरीगंगा नगरपालिका |
| ६ | डोटी | दिपायल सिलगढीनगरपालिका र पूर्वीचौकी गाउँपालिका |
| ७ | अछाम | साफेबगर नगरपालिका र मंगलसेन नगरपालिका |
| ८ | बाजुरा | बडिमालिका नगरपालिका र बुडीगंगा नगरपालिका |
| ९ | बझांग | जयपृथ्वीनगरपालिका र थलरा गापा |

## ७. यात्राका सहभागीहरुः

- भूमि अधिकार जागरण यात्रामा सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लाका १८ वटा पालिकाह्रुमा गठन भएका दलित भूमि अधिकार यूनियनकाका पदाधिकारी तथा सदस्यहरु,

राष्ट्रिय दलित नेटवर्कका कार्यसमितिका पदाधिकारीहरु र अभियानकर्मीहरु, बिभीन्न राजनितक दलहरु, सरकारी कार्यालयहरु, स्थानिय सरकार, नागरिक समाज, पत्रकार र अन्य सरोकारवाला निकाय गरि जम्मा १००० जना परिचालन गरिनेछन ।

## ८.अपेक्षित उपलब्धीहरु:

- आगामी प्रदेश र संघीय तहको निर्वाचनमा बिभीन्न राजनितिक दलहरुको घोषणापत्रहरुमा दलित भूमिहिन र मुक्त हलियाहरुको सवाल सम्बोधन गराउनका लागि आम रुपमा जागरण पैदा भएको हुनेछ ।
- दलित भूमिहिन र मुक्त हलियाहरुको संबैधानिक अधिकार (नेपालको संबिधानको धारा ४० को उपधारा ५ र ६) मा भएको प्रावधानलाई कार्यान्वयन गराउनका लागि सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लाका १८ वटा स्थानिय सरकार र ९ वटा भूमि अयोग जिल्ला समितिहरुलाई सचेतीकरण भएको हुनेछ ।
- सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लाका बिभीन्न राजनितक दलहरु, सरकारी कार्यालयहरु, स्थानिय सरकार, नागरिक समाज, पत्रकार र अन्य सरोकारवाला निकायसंग समन्वय कायम गर्दै भूमि अधिकार जागरण यात्रामा ऐक्यबद्धता कायम भएको हुनेछ ।

## ९. बजेट

| SN | Particular | Unit | Qty | Rate | Day | Total |
|---|---|---|---|---|---|---|
| 1 | Hall Rent | 1 | 1 | 5000 | 1 | 5000 |
| 2 | Banner | 1 | 1 | 1000 | 1 | 1000 |
| 3 | Stationary | 1 | 40 | 100 | 1 | 4000 |
| 4 | Projector | 1 | 1 | 2000 | 1 | 2000 |
| 5 | Accomodation | 1 | 27 | 1000 | 2 | 54000 |
| 6 | Dinner | 1 | 27 | 200 | 2 | 10800 |
| 7 | Brekfast | 1 | 40 | 150 | 1 | 6000 |
| 8 | Lunch | 1 | 70 | 450 | 1 | 31500 |
| 9 | Travel | 1 | 27 | 1600 | 2 | 86400 |
| 10 | Consaltant | 1 | 1 | 5000 | 1 | 5000 |
| 11 | Bus | 1 | 1 | 20000 | 1 | 20000 |
| 12 | Other | 1 | 1 | 10000 | 1 | 10000 |
| 13 | Plane Ticket (Ktm-Dhn) | 1 | 1 | 750 | 2 | 15000 |
| | | | Total | | | **250700** |

## १०. निष्कर्ष:

नेपालको संविधान जारी भएपछिको भएका तीनवटै तहका निर्वाचनमार्फत बनेका सरकारहरुले आफूले गरेका बाचा पूरा गर्न आफ्नो पहिलो नीति तथा कार्यक्रम र वजेट समेत सार्वजनिक गरि कार्यान्वयन समेत गरिसकेको छ । अब स्थानिय सरकारको अर्जुनदृष्टि नेपालको संविधानको जगमा नयाँ कानूनहरु बनाउने र त्यसको आधारमा सामाजिक न्याय सहितको समृद्ध नेपालको तयार गर्ने रहेको देखिन्छ ।

**अनुसुची खण्ड क ( भूमि अधिकार जागरण यात्राको कार्यतालिका):**

| क.स. | मिति | क्रियाकलाप |
|---|---|---|
| १ | २०७९ भाद्र १० गते | ▪ भूमि अधिकार जागरण यात्राको अवधारणा तयार गरि पृष्ठपोषणका लागि केन्द्रीय अध्यक्ष ज्युलाई पठाउने |
| २ | २०७९ भाद्र ११ गत | ▪ सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लामा संचालन गरिएको भूमि अधिकार अभियान अन्तरगत सम्बन्धित जिल्लाहरुमा भूमि अधिकार जागरण यात्राबारे जानकारी गर्ने |
| **३** | **२०७९ भाद्र १२ गते** | ▪ **फलोअप गर्ने** |
| ४ | २०७९ भाद्र १३ गते | ▪ सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लाका १८ वटा पालिकाह्नरुमा गठन भएका दलित भूमि अधिकार यूनियनका बैठकहरु आयोजना गरि सम्बन्धित संगठनबाट भूमि अधिकार जागरण यात्रामा सहभागि हुने १ जना छनोट गर्ने |
| **५** | **२०७९ भाद्र १४ गते** | ▪ **तीज बिदा** |
| ६ | २०७९ भाद्र १५ गत | ▪ १४ औ मुक्त हलिया दिवशका सन्दर्भमा सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लाका १८ वटा पालिकाह्नरुमा गठन भएका दलित भूमि अधिकार यूनियन मार्फत स्थानिय सरकारलाई एकै समयमा -बिहान ११:०० बजे) ज्ञापनपत्र पेश गर्ने |
| ७ | २०७९ भाद्र १६ गते | ▪ भूमि अधिकार जागरण यात्राकाबारे जानकारी दिन राष्ट्रिय दलित नेटवर्क नेपालका केन्द्रीय अध्यक्ष श्री गणेश बिश्वकर्मा ज्यूद्धारा प्रेश बिज्ञप्ती जारी |
| ८ | २०७९ भाद्र १७ गते | ▪ सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लाका सदरमुकामबाट यात्राको सुभारम्भ गर्ने (दार्चुला, बैतडी, बझाङ्ग, डोटी, अछाम र बाजुराका सदरमुकामका कोणसभा आयोजना गरि सहभागीलाई माला र अबिर सहित बिदाई गर्ने) |
| ९ | २०७९ भाद्र १८ गते | ▪ बिहान कैलाली र कंचनपुर जिल्ला बाहेक सुदूरपश्चिम प्रदेशका बाँकी ७ वटा जिल्लाका सहभागिहरु डडेल्धुराको तुफानडाडामा जम्मा भई कोणसभाको आयोजना गरि अत्तरिया तर्फ प्रस्थान गर्ने साथै सोही दिन कैलाली र कंचनपुरका सहभागिलाई मिसाएर दिउसो २:०० बजे अत्तरियाका कोणसभा आयोजना गर्ने । साथै सोही दिन ४:०० बजे बेलुका पंजेबाजा सहित धनगढीको चौराहाबाट रयाली सहित मुख्य मन्त्री कार्यालयमा कोणसभा सहित ज्ञापन पत्र पेश गर्ने |
| १० | २०७९ भाद्र १९ गते | ▪ १४ औं मुक्त हलिया दिवशको सन्दर्भमा **मुक्त हलियाको पुनर्स्थापनाका सवाल र राज्यको दायित्व** बिषयक सुदूरपश्चिम प्रदेश स्तरिय अन्तरक्रिया कार्यक्रम गरि भूमि अधिकार जागरण यात्राको समापन गर्ने |